PRESS RELEASE

# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान व्युरो
## बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-४४

## "वैदेशिक रोजगारीका लागि भनि कुवेत पुर्याई बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ"

**जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (२२५)** लाई कुवेतमा राम्रो आम्दानी हुने वैदेशिक रोजगारीमा पठाईदिने भनि प्रलोभन देखाई काठमाण्डौबाट भिजिट भिसामा कुवेतमा पुर्याई बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्तिलाई पीडितको जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालय धादिङ समेतको समन्वयमा यस कार्यालयबाट खटिएको प्रहरी टोलीले मिति २०८१/०१/२१ गते जिल्ला धादिङ बेनिघाट रोराङ गाँउपालिका वडा नं. ०३ स्थितबाट पक्राउ गरी **मानव बेचबिखन तथा ओसारपसार** मुद्दामा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन ५ (पाँच) को म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भईरहेको ।



**पक्राउ परेको अभियुक्तको विवरण:-**

**नाम:- श्याम बाबु बराकोटी**

**उमेर:-** ४७ बर्ष

**स्थायी वतन:-** जिल्ला धादिङ बेनिघाट रोराङ गाँउपालिका वडा नं. ०३ ।

**प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको :-**

- प्रतिवादीहरुले जाहेरवालालाई नेपाल सरकारबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा कुवेत पठाईदिने भनि झुक्याई मिति २०७९/१०/२५ गते भिजिट भिसामा कुवेत पुर्याएको खुल्न आएको,
- प्रतिवादीहरुले नेपालको त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल र कुवेतको एअरपोर्टमा देखाउने कागजातहरु समेत फरक-फरक बनाई पठाएको खुल्न आएको,
- प्रतिवादीहरुले कुवेतको एअरपोर्टमा पुगे पश्चात जाहेरवालाको सक्कल नेपाली राहदानी लगाएतका कागजातहरु नियन्त्रणमा लिई श्रीलंकन मुलको एजेन्टलाई जिम्मा लगाएको खुल्न आएको,
- प्रतिवादीहरुले जाहेरवालालाई कुवेती नागरीकको घरमा पुर्याई बेचबिखन गरी कमिसन बापतको रकम लिएको खुल्न आएको,
- जाहेरवालाको स्वास्थ अवस्था नाजुक हुदाँ समेत काममा लगाई चरम श्रम शोषण गरेको खुल्न आएको,
- जाहेरवालाले आफु कुवेतमा काम नगर्ने नेपाल फिर्ता गरिदिन भनि आग्रह गर्दा प्रतिवादीहरुले रु. ५००,००० ।- (पाँच लाख) रकम माग गरेको खुल्न आएको,
- जाहेरवालाले नेपालमा रहेका आफन्तलाई सम्पर्क गरी प्रतिवादीहरुले उपलब्ध गराएको खातामा रु. ३००,००० ।- (तीन लाख) रकम जम्मा गर्न लगाएपश्चात निज कुवेतबाट मिति २०७९/११/२१ गते फर्किई मानव बेचबिखन अनुसन्धान व्युरोमा जाहेरी दरखास्त दिएको,
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको ।

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**

**मिति: २०८१/०१/२३ गते ।**

**सम्पर्क नम्बर: ९८५१२८११६०**

Contact No:01-5339569, Hot Line:1177, Toll-Free:16600141177 Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np